कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या : ०७८/७९ (शा.स./योजना) चलानी नम्बर : १९९२ मितिः २०७९/०३/२३

**विषयः चालु आर्थिक वर्षको भुक्तानी निकासा तथा फरफारक सम्बन्धमा।**

श्री मन्त्रालय(सबै),
श्री स्थानीय तह (सबै),
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,
श्री प्रदेश कार्यालय (सबै)
श्री प्रदेश लेखा इकाइ(सबै),
कर्णाली प्रदेश।

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. १९४५ मिति २०७९/०३/१४ को चालु आर्थिक वर्षको भुक्तानी निकासा तथा फरफारक सम्बन्धमा पठाइएको पत्रबाट मिति २०७९/०३/२८ गते भित्र भूक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिइ आर्थिक कारोबार बन्द हुने व्यवस्था मिलाउन लेखिएकोमा महालेखा नियन्त्रक कार्यालयको च.नं. २७४ मिति २०७९/०३/२२ को पत्रबाट आ.व. २०७८/०७९ को भुक्तानी निकासा नेपाल सरकारका कार्यालयहरुको हकमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) र (२) अनुसार TSA र CGAS प्रणालीहरु सञ्चालनमा रहने र प्रदेश सरकार र स्थानीय तहको हकमा प्रदेशका TSA र CGAS र SuTRA सोही नियमावलीको नियम ३० को उपनियम (७) र (८) अनुसार मात्र सञ्चालन भई सम्बन्धित प्रणालीहरु बन्द हुने जानकारी प्राप्त भएकोले सोही बमोजिम आ.व. समाप्त हुनु भन्दा सात दिन अगाडि भुक्तानी हुने/गर्ने व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ।

**सादर अवगतार्थः**

श्रीमान प्रमुख सचिवज्यू, कर्णाली प्रदेश सरकार।

**बोधार्थः**

**श्री सूचना प्रविधि तथा समन्वय शाखाः**

(सम्बन्धित निकायमा पठाउनु हुन तथा यस कार्यालयको वेबसाइटमा राख्नु हुन।

युवराज न्यौपने
शाखा अधिकृत

☎ ०८३-५२०१८७, ५२२१६४, ५२१८३२ फ्याक्स : ०८३-२५२६१८, ५२४७७४